"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

सूचना नं. १५-२०८२/०८३ (कृषि विकास शाखा)

पर्यटकीय नगरी सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा

## नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरेका जैविक मल प्रयोग कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!

दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/०२/०८

यस सूर्योदय नगरपालिकाको आ.व. २०८२।८३ को वार्षिक स्वीकृत "नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरेका जैविक मल प्रयोग" कार्यक्रम (५० प्रतिशत लागत साझेदारीमा) संचालन गर्नको लागि **वडा नं. ८ र ९** का इच्छुक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/टोल विकास संस्थाहरुले तपसिल बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८३/०२/२२ गते) भित्र सम्बन्धित वडा कार्यालयमा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही गरिने छैन।

तपसिलः-

- रु. १० को टिकट टाँस भएको तोकिएको ढाँचामा निवेदन।
- कृषि फर्म/कृषक समूह/ कृषि सहकारी/टोल विकास संस्थाहरुको हकमा दर्ता नवीकरण, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
- कृषक समूह/ कृषि सहकारी/टोल विकास संस्थाहरुको हकमा सामुहिक निर्णयको प्रतिलिपी।
- कृषि फर्म/कृषक समूह/ कृषि सहकारीहरुको हकमा स्थायी लेखा नम्बरको प्रतिलिपी।
- आ.व. २०८२/८३ को तिरो तिरेको रसिदको प्रतिलिपी।
- जग्गाको क्षेत्रफल र स्वामित्व खुल्ने प्रमाणपत्रको प्रतिलिपी, भाडामा लिएको भए सम्झौताको प्रतिलिपी।

**अमृत अर्याल**
बाली संरक्षण अधिकृत (सातौं)